गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
# एकीकृत सेवा कार्यालय
कुश्मा, पर्वत

प.स.०८२/८३
च.नं. सूचना

## प्रस्ताव आह्वान सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०४**

यस कार्यालयको आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्ति र पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको अभिभावकहरूबाट सञ्चालित उद्योगहरूलाई सहयोग गर्ने उदेश्यले **"अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तिकरण कार्यक्रम "** रहेको हुदाँ सम्बन्धित व्यक्ति /व्यक्तिका अभिभावकहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी २१ दिन भित्र रितपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरू**

प्रस्तावका साथमा देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ:

१.रीतपूर्वक भरिएको आवेदन/प्रस्ताव फाराम।

२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

३.अपाङ्गता परिचयपत्रको प्रतिलिपि (अभिभावकको हकमा संरक्षक प्रमाणित हुने कागजात)।

४.उद्योग दर्ता तथा नवीकरण भएको प्रमाणपत्र।

५.आ.व.२०८१/०८२को कर चुक्ता प्रमाणपत्र।

६.लागत साझेदारी: स्वीकृत कार्यक्रमको कुल लागतमा कम्तीमा १० प्रतिशत लागत साझेदारी सम्बन्धित उद्यमी/प्रस्तावकले व्यहोर्नुपर्नेछ।

७. प्रस्ताव पेश गर्ने स्थान र समय :- एकीकृत सेवा कार्यालय पर्वत मा मित्ति २०८२/१२/२५ गते सम्म कार्यालय समय भित्र ।

पुनश्चः थप जानकारी आवश्यक भएमा एकीकृत सेवा कार्यालय, पर्वत कार्यालयको वेवसाइट https://isoparbat.gandaki.gov.np फोन नं ०६७४२०११८ मा सम्पर्क गर्न सकिनेछ। रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन। पेस भएका प्रस्तावहरुको मुल्यांकन गरी आवश्यकता अनुसार एक वा एक भन्दा बढी संस्थाहरुसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

२०८२/१२/०४

गोविन्द प्रसाद पौडेल
कार्यालय प्रमुख



Scanned with CamScanner